कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ, रसुवा

बागमती प्रदेश, नेपाल

प.सं. : २०८३/०८४

च.नं. :

फोन: ०१०-५४२०१६

## सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०७/०९)

यस कालिका गाउँपालिकाको कार्यालयको लागि तपसिलको पदमा देहाय बमोजिमको संख्या र योग्यता भएका कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र ) दिनभित्र कार्यालय समय भित्र तोकिएको राजस्व तिरेको नगदी रसिदसहित दरखास्त दिन हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण यस कार्यालयको वेवसाईट http://kalikamunrasuwa.gov.np बाट उपलव्ध हुनेछ ।

तपसिलः

| सि. नं. | विज्ञापन नं. | पद | तह/श्रेणी | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०२/०८३/८४ | कृषि स्नातक | अधिकृतस्तर छैठौं | १(एक) | |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव

कृषि स्नातक(अधिकृतस्तर छैठौं)

क. मान्यता प्राप्त विश्वविध्यालय वा शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक उत्तिर्ण भएको वा सो सरहको समकक्षता प्राप्त गरेको ।

ख. दरखास्त दिने अन्तिम मितिमा पुरुषको हकमा कम्तिमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० ननाघेको ।

२. दरखास्त दिने स्थानः- कालिका गाउँ कार्यपालिकाको कार्यालय, धैबुङ, रसुवा ।

३. आवेदन दिने अन्तिम मितिः- यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

४. परीक्षा दस्तुरः रु. १,५००(एक हजार पाँच सय मात्र) ।

५. छनौटको किसिमः- स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८२ ले तोके बमोजिम हुने।

६. आवेदनका साथमा संलग्न कागजातहरुः- आवेदक स्वयंले प्रमाणित गरेको देहायका कागजातको प्रतिलिपिहरु

क) नागरिकता

घ) कामसँग सम्बन्धित अनुभव भए सो को कागजात

ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रहरु

ग) चारित्रिक प्रमाणपत्रहरु

च) २ प्रति फोटो

७. सेवा सुविधाः- स्थानीय तहमा अधिकृत स्तर छैठौं तहको शूरु स्केल ।

थप जानकारीका लागि कालिका गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।

(धर्मराज न्यौपाने)

प्रमुख प्रशासकीय अधिकृत/संयोजक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची - १

(दफा ६ को उपदफा (५) सँग सम्बन्धित)

## सेवा करारमा लिने कृषि स्नातकको कार्यविवरण

१) स्थानीय तहको कृषि विकास सम्बन्धी गर्नु पर्ने विभिन्न क्रियाकलापहरुको सञ्चालनमा सहयोग गर्ने।

२) स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरुको कार्यान्वनका लागि सहजीकरण गर्ने।

३) स्थानीय तहको वार्षिक कार्यक्रम तर्जुमामा सहजीकरण गर्ने तथा सञ्चालित कृषि कार्यक्रमहरुको त्रैमासिक र वार्षिक प्रगतिहरु अनुसूची - ७ बमोजिमको ढाँचामा विभागमा (doanepal.reporting@gmail.com) सम्प्रेषण गर्ने।

४) स्थानीय तहको कृषि तथ्याङ्क अध्यावधिक गरी विभाग तथा मन्त्रालयमा सूचना सम्प्रेषण गर्ने। संघीय मन्त्रालयबाट कार्यान्वयन भईरहेको बार्षिक कृषि सर्वेक्षणका लागि आवश्यक तथ्याङ्क संकलन तथा सम्प्रेषण गर्ने।

५) स्थानीय तहको किसान सूचिकरण सम्बन्धी कार्य गर्ने र सो को अध्यावधिक विवरण कृषि सूचना तथा प्रशिक्षण केन्द्रमा (info@aitc.gov.np) सम्प्रेषण गर्ने।

६) स्थानीय तहमा रहेका बजार पूर्वाधार, नर्सरी, एग्रोभेट, कृषि सहकारी, समूह तथा कृषि उद्यमहरुको विवरण संकलन गरी स्थानीय तह कृषि प्रोफाइल तयार गर्न सहजिकरण गर्ने।

७) स्थानीय आवश्यकता पहिचानका आधारमा कृषि प्रसार सेवा प्रवाह गर्ने।

८) आकस्मिक बाली संरक्षण सेवा प्रदान गर्ने र सूचिकृत रोग र सीमाविहीन रोग तथा किराहरुको अवस्था अनिवार्य रुपमा विभागमा रिपोर्टिङ्ग गर्ने।

९) कृषि बीमा र सहुलियत कृषि कर्जा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक सहजिकरण गर्ने।

१०) सङ्घ तथा प्रदेशका कृषि सम्बन्धी सरकारी तथा गैर सरकारी सङ्घ संस्थाहरुसँग आवश्यकता अनुसार समन्वय गर्ने।

११) अनुसन्धान पछि आएका नविन प्रविधि अनुशरणका लागि स्थानीय तहका कृषक समुदायमा प्रचार प्रसार गर्ने। स्थानीय तहको योजना तर्जुमा कार्यमा कृषि शाखाका प्राविधिकहरुलाई सहयोग गर्ने।

१२) स्थानीय महत्वका बाली वस्तुहरुको उत्पादन तथा व्यावसायिक योजना तयार गर्ने।

१३) स्थानीय स्तरमा कृषि सम्बन्धी न्यूनतम पूर्वाधारहरुको सम्भाव्यता अध्ययन गर्ने।

१४) स्थानीय स्तरमा उत्पादन हुने प्रमुख बाली वस्तुहरुको उत्पादन लाभ लागत अध्ययन गरी विवरण अध्यावधिक गर्न सहजीकरण गर्ने।

१५) महामारीहरु एवं प्राकृतिक प्रकोपजन्य विपदबाट सृजित क्षतिको विवरण सङ्कलन गरी सम्बन्धित विभागमा रिपोर्टिङ्ग गर्ने।

१६) स्थानीय तहले तोके बमोजिमको अन्य कार्यहरु गर्ने।

सचिव

| पासपोर्ट साइजको फोटोमा पर्नेगरी उम्मेदवारको दस्तखत |
|---|

# कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## धैबुङ्ग, रसुवा

# आवेदन फाराम

कार्यालय प्रयोजनको लागि
परिक्षार्थीको रोल नं. :

| उम्मेदवारले दरखास्त फाराम भरेको पद सम्बन्धी विवरण | |
|---|---|
| विज्ञापन नं.:- | पदः- |
| तह/श्रेणीः- | |

| आवेदकको व्यक्तिगत विवरण | | | | | |
|---|---|---|---|---|---|
| नाम थर : | | | | | लिङ्ग : |
| नागरिकता नं. : | | जारी गर्ने जिल्ला : | | | जारी मिति : |
| स्थायी ठेगाना | (क) प्रदेशको नाम : | (ख) जिल्ला : | (ग) स्थानीय तहको नाम : | | |
| | (घ) वडा नं. : | | | | |
| पत्राचार गर्ने ठेगाना : | | सम्पर्क नं : | | ईमेल : | |
| बाबुको नाम, थर : | | | आमाको नाम, थर : | | |
| बाजेको नाम, थर : | | | पति/पत्नीको नाम, थर : | | |
| जन्म मिति | (वि.सं.मा) | (ईस्वी सन्मा) | दरखास्त दिने मितिमा आवेदकको उमेर (वर्ष तथा महिनामा) : | | |

| शैक्षिक योग्यता सम्बन्धी विवरण एस एल सी देखि माथि | | | |
|---|---|---|---|
| **योग्यता** | **विद्यालय/विश्वविद्यालय** | **उत्तीर्ण गरेको साल** | **प्राप्तांक प्रतिशत/सी.जी.पी.ए.** |
| | | | |
| | | | |
| | | | |

## अनुभव/तालिम सम्बन्धी विवरण

(आवेदन फाराम भरेको विज्ञापनको लागि अनुभव/तालिम आवश्यकता भएमा मात्र उल्लेख गर्ने)

| कार्यालय/तालिम दिने संस्था | पद | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|
| | | | | देखि | **सम्म** |
| | | | | | |
| | | | | | |
| | | | | | |

| अन्य विवरण | | |
|---|---|---|
| रक्त समूह : | | |
| आपतकालीन सम्पर्क | नाम : | ठेगाना : |
| | नाता : | सम्पर्क नं. : |

*उपरोक्त बमोजिमको विवरण साँचो हो, झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला ।*

| दायाँ | बायाँ |
|---|---|
| | |

**हस्ताक्षर**

# कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ्ग, रसुवा

बागमती प्रदेश, नेपाल

## प्रवेशपत्र

पासपोर्ट साइजको फोटोमा पर्नेगरी उम्मेदवारको दस्तखत

परिक्षार्थीले भर्ने

(क) नाम, थर :

(ख) पद :

(ग) श्रेणी/तह :

(घ) उम्मेदवारको दस्तखतः

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ।

रोल नम्बर :

.................................................... ....................................................

(कर्मचारीको दस्तखत) (कार्यालयको छाप)

**उम्मेदवारले पालना गर्नुपर्ने नियमहरू:**

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन ।

२. परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडि सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ । परीक्षा शुरु भएको १० मिनेट पछि आउने उम्मेदवारले परीक्षा दिन पाउने छैन ।

३. परीक्षा हलमा प्रवेश गरेपछि मर्यादा विपरीत कुनै काम गरेमा परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानुन बमोजिमको कारवाही गरिनेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्ध भएको मानिने छ ।